लुम्बिनी प्रदेश सरकार

# गृह मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. : ०८०/८१
च.नं. : 60

(सञ्चार शाखा)

सूचना प्रकाशित मिति : २०८०/०७/१५ गते

लोक सस्कृति संरक्षण र प्रवर्द्धनका लागी गीत, संगीत रेकर्डिङ्ग कार्यक्रम सम्बन्धी कार्यविधि, २०८० अनुसार लुम्बिनी प्रदेश भित्रका लोक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने हेतुले दुर्गम क्षेत्रका हिमाली र पहाडी भू-भागमा रहेका लोक भाका र लोक गायनको गीत, संगीत रेकर्डिङ्ग गर्न यस मन्त्रालयमा सूचिकृत हुनुपर्ने भएकोले ईच्छुक हिमाली जिल्ला (पूर्वी रुकुम) र पहाडी जिल्लामा रहेका लोक गायकहरुले देहाय बमोजिमका कागजातहरु कार्यालय कार्य दिन १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा उपस्थित भई सूचिकृतको लागी निवेदन दिनु हुन आदेशानुसार अनुरोध छ ।

<u>गायकहरुले सूचिकृत हुँदा निम्न बमोजिमका कागजात पेश गर्नुपर्ने छ</u> ।

क) सूचीकृत गरी पाउँ भनी सक्कल निवेदन,
ख) नेपाली नागरिकताको प्रमाणपत्र,
ग) हालसालै खिचेको फोटो,
घ) लोक गायक संगीतको क्षेत्रमा रुचीकर रही निजमा उक्त क्षमता रहेको भन्ने व्यहोराको स्थानीय तहको सिफारिस ।

२०८०/७/१८

कालिदास बस्याल
अधिकृतस्तर सातौं

<u>द्रष्टव्य</u> :

१) म्यादभित्र सूचिकृत हुन निवेदन पेश नगरेमा गीत संगीतको रेकर्डीङ्ग कार्यको लागी सहयोग उपलब्ध गराइने छैन ।
२) थप जानकारीको लागी यस कार्यक्रम सम्बन्धी लोक सस्कृति संरक्षण र प्रवर्द्धनका लागी गीत, संगीत रेकर्डिङ्ग कार्यक्रम सम्बन्धी कार्यविधि, २०८० यस मन्त्रालयको वेवसाइट https://moial.lumbini.gov.np/ मा हेर्न सकिनेछ ।


Mail: internalaffairsp5@gmail.com, Website: https://moial.lumbini.gov.np/